गंगादेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा

पत्र संख्या : २०८०/०८१ | २०७३ | लुम्बिनी प्रदेश, नेपाल

सुचना नं : ८०

मिती: २०८१/०२/२०

ने. सं. ११४४ बछलागा दशमी

**सामाजिक सुरक्षा भत्ताका लागि Biometric Verification अनिवार्य हुने सम्बन्धि अत्यन्त जरुरी सूचना !**

प्रस्तुत विषयमा नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको प सं ०८०/८१, चं नं ३८५ मिति २०८१/०१/२४ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा नयाँ भत्ताको लागी नामावली दर्ता तथा पुराना लाभग्राहिहरुको हकमा नविकरणका लागि निबेदन पेश गर्दा मिति २०८१/०४/०१ देखी राष्ट्रिय परिचयपत्रमा आधारित (Biometric Verification) अनिवार्य गरिने भएकाले सोको लागि हालसम्म राष्ट्रिय परिचयपत्र नबनेको भए सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले अनिवार्य रुपमा जिल्ला प्रशासन कार्यालय लिबाङ रोल्पामा गई राष्ट्रिय परिचयपत्र बनाउनुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

साथै राष्ट्रिय परिचयपत्रको लागि पहिले नै नामावली दर्ता गराइसक्नु भएका तर हाल सम्म पनि राष्ट्रिय परिचयपत्र नंम्बर (NIN) प्राप्त नभएका लाभग्राहीहरुले http://citizenportal.donidcr.gov.np/CitizenPortal/ लिङ्क मार्फत आफ्नो नागरिकता विवरण वा राष्ट्रिय परिचयपत्रको आबेदन नंम्वरको आधारमा घरबाटै हेर्न सकिनेछ र नजानेको खण्डमा आफ्नो नागरिकता र राष्ट्रिय परिचयपत्रको आबेदन फारम साथमा लिई आफ्नो नजिकको वडा कार्यालयमा वा यस गाउँपालिकाको पञ्जिकरण शाखामा गई राष्ट्रिय परिचयपत्र (NIN) नंम्वर हेर्न वा लिन सकिने ब्यहोरा जानकारी गराईन्छ ।

बोधार्थ:

श्री वडा कार्यालय सबै सम्पुर्ण लाभग्राहीहरुलाई जानकारी गराई (Biometric Verification) अनिवार्य गर्नुहुन ।

श्री सूचना तथा प्रविधि शाखा पालिकाको वेवसाईट तथा सम्पुर्ण आधिकारिक सामाजिक संजालमा अपलोड गर्नुहुन ।

.............................

दुर्गबहादुर ओली

प्रमुख प्रशासकीय अधिकृत

दुर्गबहादुर ओली

प्रमुख प्रशासकीय अधिकृत

**Web:** gangadevmun.gov.np **Email:** info@gangadevmun.gov.np **Phone:+977**-9845570400